# मानव स्वभाव



लेखिका: भिक्षुणी धम्मवती
अनुवादक: मदन रत्न मानन्धर

Downloaded from http://www.dhamma.digital

# नेपाली भाषामा प्रकाशित पुस्तकहरू

१. बौद्ध दर्शन
२. पञ्चशील
३. शान्ति
४. बौद्ध प्रश्नोत्तर (प्र.सं.)
५. नारी हृदय
६. पटाचारा स्थविरा चरित्र
७. बुद्ध शासनको इतिहास, भाग-१
८. नेपाली ज्ञानमाला (प्र.सं.)
९. बुद्ध र उहाँको विचार
१०. बौद्ध ध्यान (प्रथमावृत्ति)
११. लक्ष्मी (प्र.सं.)
१२. उखानको कथा सग्रह (प्र.सं.)
१३. मिलिन्द प्रश्न, भाग-१ (प्र.सं.)
१४. बौद्ध जगतमा स्वास्थ्य सेवा (प्र.सं.)
१५. श्रमण नारद (प्र.सं.)
१६. वेस्सन्तर जातक (प्रथमावृत्ति)
१७. बौद्ध विश्वास, भाग-१
१८. बौद्ध विश्वास, भाग-२
१९. बौद्ध दर्पण (प्र.सं.)
२०. [illegible] (प्र.सं.)
२१. सप्तरत्न धन
२२. महासतिपट्ठान सुत्त
२३. सफलताको रहस्य (प्रथमावृत्ति)
२४. मानव महामानव, पहिलो भाग (प्र.सं.)
२५. निर्ङ्गली (प्र.सं.)
२६. जातक कथा (प्र.सं.)
२७. प्रज्ञा चक्षु
२८. तथागत हृदय (प्र.सं.)
२९. सतिपट्ठान विपस्सना (प्र.सं.)
३०. महास्वप्न जातक (प्र.सं.)
३१. परित्राण (तृतीय सं.)
३२. बुद्धपूजा विधि र कथा सग्रह (प्र.सं.)
३३. मैले बुझेको बुद्ध-धर्म
३४. बुद्धको जीवनी र दर्शन
३५. बौद्ध प्रश्नोत्तर (द्वि.सं.)
३६. १ आमा बुबा र छोराछोरी
२ बुद्ध धर्ममा नारीको स्थान
३७. स्नेही छोरी (प्र.सं.)
३८. मति गर्दा भए गति गर्दो हुन्छ (प्र.सं.)
३९. बुद्ध र बुद्धपछि (प्र.सं.)
४०. १ बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय
२ बुद्धको जन्मभूमि नेपालमा
बुद्ध धर्म प्रति असहिष्णुता (द्वि.सं.)
४१. अनागारिका धम्मवती (प्र.सं.)
४२. बौद्ध-ज्ञान
४३. बुद्धपूजा विधि र कथा सग्रह (द्वि.सं.)
४४. मिलिन्द प्रश्न, भाग-२
४५. मानव स्वभाव
४६. महास्वप्न जातक (द्वि.सं.)
४७. संक्षिप्त बुद्ध जीवनी (पञ्चमावृत्ति)
४८. श्रमण नारद (द्वि.सं.)
४९. श्रमण नारद (तृ.सं.)
५०. मिलिन्द प्रश्न, भाग-१ (द्वि.सं.)
५१. धर्म चिन्तन
५२. बौद्ध ध्यान (द्वि.सं.)
५३. बुद्धको अन्तिम यात्रा, प्रथम भाग (द्वि.सं.)
५४. बौद्ध विश्वास, भाग-३ (प्र.सं.)
५५. लक्ष्मी (द्वि.सं.)
५६. सम्यक शिक्षा
५७. बुद्धपूजा विधि र कथा सग्रह (तृ.सं.)
५८. परित्राण (पाँचौं सं.)
५९. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
६०. बौद्ध दर्पण (द्वि.सं.)
६१. आर्य सत्य र आर्य मार्ग (प्र.सं.)
६२. बुद्धपूजा विधि, व्रत सग्रह र परित्राण (चौथो सं.)
६३. धम्मपद (चौ.सं.)
६४. बुद्धपूजा विधि र परित्राण (प्र.सं.)
६५. सम्यक शिक्षा भाग-२
६६. बुद्धपूजा विधि (पाँचौं सं.)
६७. बुद्धपूजा विधि र कथा सग्रह (छैठौं सं.)
६८. बुद्धपूजा विधि र कथा सग्रह (सातौं सं.)
६९. बुद्धपूजा विधि र कथा सग्रह (आठौं सं.)
७०. लक्ष्मी (तृ.सं.)
७१. बुद्धको शिक्षात्मक उपदेश (प्र.सं.)
७२. बुद्धपूजा विधि (नवौं सं.)
७३. क्षान्ति र मैत्री (प्र.सं.)
७४. शान्ति मार्ग
७५. पतिलाई गुरु को हो ? (प्र.सं.)
७६. ज्ञान पारमिता
७७. बुद्धको सम्यक्ज्ञान र महत्व
७८. बोधि कथा र बौद्ध चरित्र
७९. मिलिन्द प्रश्न, भाग-१ (तृ.सं.)
८०. संक्षिप्त बुद्ध वंश, भाग-१ (द्वि.सं.)
८१. चिर निद्रा भङ्गभयो
८२. संक्षिप्त बुद्ध वंश, भाग-२ (द्वि.सं.)
८३. मिलिन्द प्रश्न, भाग-२ (द्वि.सं.)
८४. महास्वप्न जातक (तृ.सं.)
८५. बुद्धपूजा विधि र कथा सग्रह (तृ.सं.)
८६. चित्त शुद्ध भए जीवन उज्ज्वल हुने छ (प्र.सं.)
८७. प्रौढ बौद्ध कथा र लक्ष्मी (प्र.सं.)
८८. नक्कली देवता (प्र.सं.)
८९. आमा बुबाको सेवा
९०. बुद्धको मूल उपदेश (प्र.सं.)
९१. शाक्यमुनि बुद्ध
९२. बौद्ध दर्पण (तृ.सं.)
९३. महिलामुख जातक (द्वि.सं.)
९४. मानिसलाई असल बनाउने बुद्ध शिक्षा
९५. क्षान्ति र मैत्री (द्वि.सं.)
९६. बुद्ध शासनको इतिहास भाग-१ (द्वि.सं.)
९७. मति गर्दो भए गति गर्दो हुन्छ
उखानको कथा सग्रह (तृ.सं.)
९८. महापरित्राण (पालिभाषा) (चौ.सं.)
९९. मातापिताको गुण र बुद्धको मर्यादाहरू
१००. बौद्ध प्रश्नोत्तर (तृ.सं.)
१०१. संक्षिप्त बुद्ध जीवनी
१०२. सरल उपदेशमा संक्षिप्त बुद्ध जीवनी (द्वि.सं.)
१०३. बुद्धको चमत्कार
१०४. बुद्धपूजा विधि र कथा सग्रह
१०५. मानव महामानव, दोस्रो भाग (प्र.सं.)
१०६. सल्लेख सुत्र (प्र.सं.)
१०७. बुद्ध र बुद्धपछि (द्वि.सं.)
१०८. सम्मा विभङ्ग सुत्त (प्र.सं.)
१०९. महानारद जातक (प्र.सं.)
११०. कर्तव्य
१११. प्रौढ बौद्ध कथा र लक्ष्मी (द्वि.सं.)
११२. बौद्ध जगतमा स्वास्थ्य सेवा (द्वि.सं.)
११३. परित्राण मूल पालि तथा
नेपाली अनुवाद (सातौं सं.)
११४. बुद्धपूजा विधि र कथा सग्रह
११५. त्रिरत्न वन्दना र परित्राण पाठ
मूल पालि तथा नेपाली अर्थ सहित
११६. धर्म उपदेश, भाग-२
११७. श्रमण नारद
११८. सीवली
११९. बौद्ध दर्पण (चौ.सं.)
१२०. बुद्धपूजा विधि
१२१. आदर्श बौद्ध महिलाहरू
१२२. दश बन्धन (दश संयोजन) (प्र.सं.)
१२३. महासमय सुत्त
१२४. भगवान बुद्धको धर्मपुर (प्र.सं.)
१२५. स्थाविरवादको इतिहास
१२६. [illegible]
१२७. बुद्धपूजा विधि
१२८. संक्षिप्त बुद्ध वंश (तेस्रो भाग) (प्र.सं.)
१२९. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको
शैक्षिक कक्षाको विवरण
१३०. आधारभूत बुद्ध शिक्षा
१३१. नेपालका देवताद बुद्ध धर्म धर्मी र उपासकी
१३२. त्रिरत्न वन्दना परित्राण पाठ मूल पालि
तथा नेपाली अर्थ र विधान र कथा
१३३. स्नेही छोरी (दोस्रो संस्करण)
१३४. बुद्धपूजा र परित्राण पाठ
१३५. त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह
मूल पालि तथा नेपाली अर्थ र विधान
१३६. त्रिरत्न वन्दना र परित्राण पाठ
मूल पालि तथा नेपाली अर्थ
१३७. बुद्ध शिक्षा
१३८. आदर्श बौद्ध महिलाहरू द्वितीय संस्करण
१३९. तीन सूत्र समूह
१४०. मानव स्वभाव
१४१. [illegible]

Downloaded from http://www.dhamma.digital

# मानव स्वभाव

लेखिका :

भिक्षुणी धम्मवती

Dhamma.Digital

अनुवादक :

मदनरत्न मानन्धर

Downloaded from http://www.dhamma.digital

प्रकाशक:
**धर्मकीर्ति प्रकाशन**
**धर्मकीर्ति बिहार**
श्रीघः, नःघः त्वाः
फोनः ४२५९४५०

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

आवरण फोटो : **नालागिरी हात्तीलाई बोध गर्नुहुँदै भगवान् बुद्ध**

दोस्रो संस्करण: ४००० प्रति

बुद्ध सम्वत् २५६२
नेपाल सम्वत् ११३८
विक्रम सम्वत् २०७५
ईस्वी सम्वत् २०१८

Dhamma.Digital

मुद्रण: न्यू नेपाल प्रेस
१४२ मनकामना मार्ग, नागपोखरी, नक्साल, काठमाडौं ।
फोन : ४४३३९२९, ४४३४८५०
e-mail: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

पुस्तक **"मानव स्वभाव"** लाई **"मनूतय्‌गु पहः"** नामले नेपालभाषामा लेखेकी थिएँ। त्यही पुस्तकलाई उपासक मदनरत्न मानन्धरले **"मानव स्वभाव"** नाम दिएर नेपाली भाषामा रूपान्तर गर्नुभएको थियो। वि.सं. २०५० साल पौष ५ मा प्रकाशित उक्त पुस्तकलाई दाता बुद्धरत्न महर्जनले पुनः प्रकाशन गरी धर्मदान गर्ने इच्छा राखी हाल यस पुस्तक दोश्रो संस्करणको रूपमा प्रकाशन गरेको छ।

दिवंगत हुनुभएका आफ्ना मातापिता लगायत श्रीमती र दिदी समेतको गुणानुस्मरण गरी यस पुस्तक धर्मदान गर्नुभएको पुण्य पुस्तक दाताको परिवारका दिवंगत सदस्यहरूको लागि निर्वाणको हेतु बनोस्। यसरी नै उपासक बुद्धरत्न महर्जन लगायत उहाँका परिवारका अन्य सदस्यहरूको आयु आरोग्य एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

Downloaded from http://www.dhamma.digital

पुस्तक अनुवादक उपासक मदनरत्न मानन्धरलाई पनि आयु आरोग्य एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

पुस्तक प्रकाशनको सिलसिलामा प्रुफ रिडिङ्ग कार्य सम्पन्न गरी आवश्यक सहयोग गरिदिएकोमा भिक्षुणी वीर्यवतीलाई पनि साधुवाद व्यक्त गरेको छु।

यसको साथै ठीक समयमा नै पुस्तक प्रकाशन गर्न सहयोग गर्ने न्यू नेपाल प्रेस परिवारलाई पनि धन्यवाद ज्ञापन गर्दछु।

धम्मवती

**भिक्षुणी धम्मवती**

शासनध्वज धम्माचार्य

अग्गमहागन्थवाचक पण्डित

अध्यक्ष

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार, श्रीघः, नःघ

२०५५ असार

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

"निब्बानस्स पच्चयो होतु"

( दुःख-मुक्तिको अवस्था निर्वाणको हेतु प्राप्त होस् )

# निर्वाण कामना



**दिवंगत रामदेवी महर्जन**

*जन्म : २०११ भाद्र २४ गते*

*दिवगत : २०६७ आश्विन १८ गते*

Downloaded from http://www.dhamma.digital

"निब्बानस्स पच्चयो होतु"
( दुःख-मुक्तिको अवस्था निर्वाणको हेतु प्राप्त होस् )

# निर्वाण कामना



**दिवंगत देवराज महर्जन**

*जन्म वि.स. १९.७०*

*दिवगत : २०१६ पौष ७ गते चतुर्दशी*

Downloaded from http://www.dhamma.digital

"निब्बानस्स पच्चयो होतु"
( दुःख-मुक्तिको अवस्था निर्वाणको हेतु प्राप्त होस् )

# निर्वाण कामना



**दिवंगत चन्द्रमाया महर्जन**
*जन्म : वि.सं. १९७५ श्रावण १८ गते*
*दिवंगत : २०५८ असार १६ गते*

Downloaded from http://www.dhamma.digital

"निब्बानस्स पच्चयो होतु"

( दुःख-मुक्तिको अवस्था निर्वाणको हेतु प्राप्त होस् )

# निर्वाण कामना



**दिवंगत धन मय्जु महर्जन**

*जन्म : वि.सं. २००२ साल*

*दिवंगत : २०५३ असार १० गते*

Downloaded from http://www.dhamma.digital

## निर्वाण कामना गर्ने परिवारका सदस्यहरू

श्रीमान्: **बुद्धरत्न महर्जन**

| *छोराहरू:* | *बुहारीहरू:* |
| --- | --- |
| **धर्मरत्न महर्जन** | **रेश्मा महर्जन** |
| **शुभरत्न महर्जन** | **अञ्जु महर्जन** |
| **तीर्थरत्न महर्जन** | **मुनु महर्जन** |

| *छोरी:* | *ज्वाइँ:* |
| --- | --- |
| **मैयाँ महर्जन** | **रामेश्वर विर सिं** |

*नातिहरू:*

**रिमेश सिं, निर्वाणरत्न महर्जन, आयाणरत्न महर्जन**

*नातिनीहरू:*

**प्रियन्का सिं, तिसा महर्जन**

*सहयोगीहरू:*

**त्रिरत्न महर्जन सपरिवार, टेकू**

**अमिररत्न डङ्गोल सपरिवार, टेकू**

Downloaded from http://www.dhamma.digital

# निर्वाण कामना गर्ने दाता परिवारका सदस्यहरू :



बुद्धरत्न महर्जन (श्रीमान्)



धर्मरत्न महर्जन
छोरा



रेश्मा महर्जन
बुहारी



शुभरत्न महर्जन
छोरा



अञ्जु महर्जन
बुहारी



तिर्थरत्न महर्जन
छोरा



मनु महर्जन
बुहारी



रामेश्वर विर सिं
ज्वाइं



मैया महर्जन
छोरी



प्रियन्का सिं
नातिनी



रिमेश सिं
नाति



निर्वाणरत्न महर्जन
नाति



आपाणरत्न महर्जन
नाति



तिसा महर्जन
नातिनी

Downloaded from http://www.dhamma.digital

# दाताको मन्तब्य

**चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय** अर्थात् "हे भिक्षुहरू ! बढीभन्दा बढी प्राणी प्राणीहरूप्रति अनुकम्पा राखी बढीभन्दा बढी प्राणीको सुख, शान्ति र हितका लागि गाउँ-गाउँ, सहर-सहरमा गई धर्मशिक्षा प्रचार गर्नु" भनी भगवान् बुद्धले भन्नुभएको वचनलाई स्मरण गरी हामीले बुद्धशिक्षारूपी यस पुस्तक धर्मदान गर्न पाएकोले खुसी छौं ।

एक दिन सुलक्षणकीर्ति विहार चोभारमा श्रद्धेय दानवती गुरुमांले मानवस्वभाव विषयमा प्रवचन गर्नुभएको सुनी मेरो मन ज्यादै प्रभावित भएको थियो । त्यसैले मैले मेरो भाइ त्रिरत्न महर्जन र भान्जा अमिररत्न डङ्गोल बसी बुद्धशिक्षासहितको यस पुस्तक 'मानवस्वभाव' प्रकाशन गरी धर्मदान गर्नको लागि सल्लाह गर्‍यौं । सो सल्लाहअनुसार यस पुस्तक धर्मदान गर्दैछौं । यस पुस्तक प्रकाशन कार्यमा श्रद्धेय वीर्यवती गुरुमांले आवश्यक सहयोग गर्नुभएकोले उहाँप्रति हामी धेरै आभारी छौं ।

मेरो बुबा दिवङ्गत देवराज महर्जन, आमा दिवङ्गत चन्द्रमाया महर्जन हुनुहुन्छ । आमाबुबा दुवैले हामी दुई दाजुभाइ (बुद्धरत्न र त्रीरत्न)लाई धेरै दुःखकष्ट सही पालनपोषण गर्नुभयो । पढाई-लेखाई

Downloaded from http://www.dhamma.digital

इलम जुटाइदिनुका साथै विवाह कार्यसमेत सम्पन्न गरी आमाबुबाले गर्नुपर्ने ५ वटा कर्तव्य पूरा गरी हामीलाई ऋण दिएर जानुभएको छ। उहाँहरूले हामीलाई विहार-विहारमा लगी दान-पुण्य गर्ने बानी बसालिदिनुभयो । प्रवचन सुन्ने मौका प्रदान गर्नुभयो । हामीलाई धर्मरूपी आँखासमेत दिएर जानुभएका आमाबुबाको निर्वाण कामना पनि गर्दछौं ।

हाम्री स्वर्गीय दिदी धनमयज् महर्जनले हाम्रो हरेक काममा आवश्यक सहयोग गर्नुहुन्छ। दिदीको गुणस्मरण गर्दै उहाँको पनि निर्वाण कामना गर्दछौं ।

यसरी नै मेरी धर्मपत्नी रामदेवी महर्जन पनि बुद्ध, धर्म र सङ्घप्रति अति नै श्रद्धा राख्ने गर्छिन् । हरेक महिनाको औंशी, पूर्णिमा, अष्टमी र संक्रान्तिका दिन विहारमा गई बुद्धपूजा गर्न, दान दिन र प्रवचन सुन्नको लागि मलाई र मेरा छोरा-छोरीहरूसमेतलाई घचघचाउँदै प्रेरणा दिने गर्थिन् । उनको पुण्यस्मृतिमा पनि गुणानुस्मरण गर्दै निर्वाण कामना गरिरहेका छौं ।

॥ भवतु सब्ब मङ्गलम् ॥

Downloaded from http://www.dhamma.digital

# विषय-सूचि


| | | |
|---|---|---|
| १) | मानव स्वभाव | १ |
| २) | प्राणीहरूको छ वटा गति | ९ |
| ३) | नर्कबाट आउनेको स्वभाव | ९ |
| ४) | महापिङ्गल राजा | १० |
| ५) | प्रेत योनिबाट आउनेको स्वभाव | १५ |
| ६) | पशु योनिबाट आउनेको स्वभाव | १८ |
| ७) | मनुष्य योनिबाट आउनेको स्वभाव | २० |
| ८) | देव योनिबाट आउनेको स्वभाव | २२ |
| ९) | ब्रह्मलोकबाट आउनेको स्वभाव | २३ |


Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# मानव स्वभाव

संसारमा भएका सबै मानिसहरूमा आ-आफ्नै प्रकारको स्वभाव भएको हामी देख्छौं । यसरी थरीथरीका स्वभाव कसरी भए र कहाँबाट आए भन्ने कुरा जान्न योग्य छन् । भगवान बुद्धले यस विषयमा भिक्षु आनन्दलाई बताउनु भएको कुरा यहाँ उल्लेख गर्छु । यस अघि भिक्षु आनन्दको असल स्वभावबारे केही कुरा बुझौं ।

भिक्षु आनन्द भगवान बुद्धका निजी सेवक (पि.ए.) हुनुहुन्थ्यो । उहाँ दूरदर्शी कर्तव्य परायण तथा अलालची हुनुहुन्थ्यो । यस्ता गुणहरू भएकोले नै बुद्धले उहाँलाई आफ्नो निजी सेवकमा नियुक्त गर्नुभयो । तर उहाँ सेवक बन्न तुरून्तै मान्नु भएन । बुद्धसँग आठवटा वर मागी सकेपछि वल्ल उहाँ त्यस पदमा बस्नुभयो । बुद्धकालीन प्रशिद्ध भिक्षुहरूमध्ये उहाँ अति दूरदर्शी हुनुहुन्थ्यो भने त्यतिकै करूणावान पनि हुनुहुन्थ्यो । नारीप्रति उहाँको दयाभाव अतुलनीय थियो, तसर्थ नारी जाति उहाँप्रति कृतज्ञ हुनुपर्दछ । किनभने नारी जातिले भिक्षुणी हुने अधिकारबाट वञ्चित भइरहेको त्यस समयमा 'नारीले पनि



Downloaded from http://www.dhamma.digital

निर्वाण प्राप्त गर्न सक्दछ भने भिक्षुणी हुन किन नसक्नु भन्ने तर्क गर्नु भई सर्वप्रथम प्रजापति गौतमीलाई भिक्षुणी बन्ने आज्ञा बुद्धबाट दिलाउनु भएको थियो। नारी जातिलाई भिक्षुणी बन्ने अनुमति दिलाउनु भएर बुद्धशासनको अङ्ग पूर्ण गराउनु भएको थियो। पुरूष समान अधिकार नदिएका र प्राणी नै नठानिएका त्यसबेलाका नारीलाई भिक्षुणी बनाउनु भएर पुरूष समान अधिकार दिलाई उच्चस्थानमा पुऱ्याउनु भनेको साधारण कुरा थिएन। यस-उसले भिक्षुणी शासन (सङ्घ) स्थापनाको सारा देन भिक्षु आनन्दलाई जान्छ किनकि नारीप्रति उहाँको दया र करूणाको ज्वलन्त उदाहरण हो यो।

अब भिक्षु आनन्दको स्वभाव र दूरदर्शिताबारे जान्न योग्य केही कुरा प्रस्तुत छन्।

भगवान बुद्ध ५५ वर्ष पुग्नु हुँदा दुर्बलता पनि बढ्न थाल्यो। सधैं सँगै बसी सेवा गर्ने व्यक्तिको खाँचो भएको महसूस गरियो। यस कार्यको लागि बुद्धले भिक्षु आनन्दलाई रूचाउनु भयो

भिक्षु आनन्दले आफ्ना आठवटा वर अथवा अधिकार बुद्धबाट प्राप्त गरिसकेपछि मात्र निजी सेवक बन्नुभयो। ती आठवटा वर अथवा शर्तहरूमध्ये चारवटा उहाँलाई मन नपर्ने र चारवटा मन पर्ने कुराहरू थिए। उहाँले बुद्ध समक्ष राख्नु भएका शर्तहरू यस प्रकार छन्:



Downloaded from http://www.dhamma.digital

(१) तपाईंलाई चढाईएका राम्रा राम्रा चीवर (वस्त्र) मलाई नदिनुहोस् ।

(२) तपाईंलाई चढाईएका मिठा मिठा खाद्य वस्तुहरू मलाई नखुवाउनुहोस् ।

(३) तपाईंलाई आमन्त्रित गरिएको भोजन निमन्त्रणामा अरू भिक्षुहरू आमन्त्रित छैनन् भने मलाई नलानु होस् ।

(४) तपाईंको सुगन्धित शयनागारमा मलाई नसुताउनुहोस्। त्यस्तै,

(५) तपाईं सँगै नसुत्ने म एक्लै सुत्दा कहिलेकाहिं निद्रा नआएको बखत बुद्धदेशित धर्मको बारे मनमा केही शङ्का उब्जिएमा जुनसुकै बेला र जस्तोसुकै अवस्थामा पनि तपाईं कहाँ आई सो शङ्का निवारण गर्ने स्वतन्त्रता र अधिकार दिनुहोस् ।

(६) बुद्धको दर्शनार्थ देश-विदेशबाट आउनु हुने भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूलाई जतिबेला पनि तपाईं कहाँ ल्याउने अधिकार दिनुहोस् र करूणापूर्वक दर्शन दिनुहोस् ।

(७) कुनै श्रद्धावान्‌ले मलाई आमन्त्रित गरिएको भोजन निमन्त्रणामा तपाईंलाई ल्याउनुहोस् भन्यो भने तपाई पनि पाल्नु पर्छ ।

Downloaded from http://www.dhamma.digital

(८) म नभएको ठाउँमा तपाईंबाट जतिपनि उपदेश वा धर्म चर्चा हुन्छ, ती सबै कुरा पुनः मलाई बताउनु पर्छ ।

यस्ता शर्तहरू सुन्नुभएपछि बुद्धले उहाँसँग ती शर्तहरू बारे स्पष्टिकरण माग्नु भयो र भिक्षु आनन्दले पनि सविस्तार स्पष्टिकरण दिनुभयो ।

"भो भगवान ! मलाई चारवटा कुरा मन नपर्नुको मुख्य कारण के हुन् भने, यदि तपाईंलाई प्राप्त भएको राम्रा राम्रा चीवर मैले लगाएं भने, मीठा मीठ खानेकुराहरू खाएँ भने, तपाईं सँगै सुतें भने लोकजनले भन्लान्– त्यसरी राम्रो राम्रो लगाउन पाए, मीठो मीठो खान पाए, बुद्धसँग सुत्न पाए कसले मात्र बुद्धको सेवा नगर्ला ! यस्तो लोक अपवाद मलाई मन पर्दैन । मेवा खान पाएर मात्र सेवा गरेको भनाउनु राम्रो कुरा होइन । त्यसकारण यी चारवटा मलाई मन नपर्ने कुरा नहोस् भन्ने शर्त राखेको हुँ ।"

भविष्यमा हुनसक्ने कुरालाई पहिले नै दूरदर्शी भई बुद्धसँग प्रार्थना गरेको यो स्वभावलाई भिक्षु आनन्दको असल स्वभाव मान्नु पर्छ ।

त्यस्तै अरू चारवटा शर्तबारे उहाँ स्पष्टिकरण दिनु हुन्छ– "भो भगवान ! धर्म विषयमा मलाई शङ्का लागेका कुरा तपाईंबाट निवारण गराई राखिनँ भने अरूले त्यही कुरा सोद्धा थाहा छैन भन्नु पर्दा – खोइ ! बुद्धका निजी



Downloaded from http://www.dhamma.digital

सेवक भन्छन्, यति जाबो कुरा पनि थाहा छैन भनी खिसि गर्नेछन्, उपहास गर्नेछन् ।"

"बुद्धको दर्शनार्थ देश-विदेशबाट भिक्षु, भिक्षुणी उपासक, उपासिकाहरू अनेक दुःख कष्ट गरी आउँछन् । म बुद्धको निजी सेवक भनी थाहा पाएपछि मैले अवश्य पनि बुद्धको दर्शन गराउने छन् भनी मकहाँ आउँलान । त्यतिबेला मैले उनीहरूलाई तपाइं को दर्शन गराउन सकिनँ भने–खोइ ! बुद्धका निजी सेवक भन्छन् तर बुद्धको दर्शन गराउन नसक्ने भनी गिज्याउने छन् ।"

"आफ्ना इष्टमित्र दाताहरू बुद्धलाई निमन्त्रणा गर्ने इच्छाले मकहाँ आइ– भो भन्ते ! फलानो दिन भगवान बुद्धसँगै तपाइं पनि हामी कहाँ पाल्नुहोस् भन्दा बुद्धलाई लिएर जान सकिनँ भने– खोइ ! आनन्द बुद्धको निजी सेवक भएर पनि बुद्धलाई ल्याउन नसक्ने भनी मलाई हेला गर्नेछन् ।"

Dhamma.Digital

"त्यस्तै, म नभएको ठाउँमा तपाइंबाट के उपदेश भएको भन्ने कुरा मैले थाहा पाइ राखिनँ र कसैले आइ त्यही बारे सोधेमा थाहा छैन भन्नु परेमा मलाई नाम मात्रै बुद्धको निजी सेवक, बुद्ध–उपदेश केही थाहा नभएको भनी उपहास गर्नेछन् । यसरी अपवादबाट बच्न नै मैले यी चारवटा अधिकार मागेको हुँ ।"

Downloaded from http://www.dhamma.digital

भगवान बुद्धले पनि यी आठैवटा कुरालाई मनासिब सम्झनु भई उहाँलाई स्वीकृति दिनु भयो ।

भिक्षु आनन्दको यो स्वभाव मनन गर्न लायक छ र प्रेरणाप्रद पनि छ । उहाँले लोक अपवादबाट बच्नुपर्दछ भनी पहिले नै दूरदर्शिता देखाउनु भयो । तर आजकाल मानिस र धार्मिक विद्वानहरू भने लोक अपवादबाट नबचिने काम पनि गरिरहन्छन् र अपवाद र निन्दालाई सुनेको नसुन्नै गरी निर्लज्ज भई बस्छन् । लज्जाभाव त्यागी स्वार्थीभाव राख्दछन् । आफ्नो अगाडि कसैले कुरा काट्दैन भनी निर्लज्ज बनिरहन्छन । यस्तो स्वभाव भयो भने धर्मबाट धेरै टाढा छन् भनी बुझ्नु पर्दछ ।

बुद्धको एक भनाई यहाँ छेऊ, प्रासङ्गिग देखिन्छ– "मूर्खहरूबाट गरिने निन्दाको कुनै मूल्य हुँदैन । सत्पुरूषहरूबाट गिल्ला नहुने गरी बस्नु ठूलो इज्जतको कुरो हो । पछाडिबाट कुरा काट्न नपर्ने गरी जीवन यापन गर्नुको ठूलो महत्त्व छ ।" तसर्थ खराब र नराम्रो अर्थात अरूलाई मन नपर्ने र अरूलाई दुःख हुने काम गर्दा मन बलियो पार्नु ठिक होइन । नचाहिने काम गर्दा मन दरिलो हुनु भनेको आफ्नै हानी तथा अहित गर्नु हो । यस्तो स्वभाव रहेसम्म सुमार्गमा लागेको ठहरिन्न निर्वाणको मार्ग झन झन टाढिँदै जान्छ भनी बुझ्नुपर्छ । मरणोपरान्त पनि निन्दाको पात्र बन्नपुग्छ ।



Downloaded from http://www.dhamma.digital

बुढाबुढी, रोगी र मृतक देखेपछि सिद्धार्थ कुमार असाध्यै डराए । आफ्नो पनि त्यही हालत हुनेछ भन्ने सोचि त्यस्तो दुःख र भयबाट मुक्त हुने ज्ञानको खोजिमा लागे ।

तर हाम्रो मनलाई हेर्नुस् त – कति कठोर छ – बुढाबूढी देख्दा पनि कुनै पीर र चिन्ता हुन्न, आफू पनि त्यस्तै होइन्छ भन्ने सोच्दैन । त्यसकारण रोगी देखेपनि, मृतक देखे पनि कत्ति पनि डर मान्दैन । अनित्य र परिवर्तनशील संसारको स्वभावदेखि निडर बन्नु हुन्न। केवल राम्रो काममा आइपर्ने बाधा वा मारको सामना गर्दा मात्र निडर बन्नु पर्छ । त्यस्तै भिक्षु आनन्दले जस्तै लोक अपवादबाट बाँच्ने गरी मात्र काम गर्नु हितकर हुन्छ ।

भिक्षु आनन्द आफूले जिम्मा लिएको काम बुद्धसेवा गर्नुका साथै उहाँसँग अनेक कुरा सोध्नुहुन्थ्यो । कहिले सार्थक कुरा सोध्नुहुन्थ्यो त कहिलेकाहिं निरर्थक कुरा सोध्नुहुन्थ्यो । एकपटक उहाँले भगवान बुद्धसँग सोध्नुभयो– "भो भगवान । साल भन्ने भिक्षुको मृत्यु भयो, अब उनी कहाँ गए, कहाँ जन्म लिए ? त्यस्तै भिक्षुणी नन्दाको मृत्युपश्चात के भयो ? सुदत्त उपासक पनि मरणोमरान्त कुन अवस्थामा पुगे ? उपासिका सुजाता मरेर कुन ठाउँमा जन्मे" इत्यादि । शुरू शुरूमा त बुद्धले मनुष्य गतिबारे उहाँलाई सम्भाउनु भयो र साल भिक्षु अर्हत भइसकेको



Downloaded from http://www.dhamma.digital

हुँदा पुनर्जन्म लिनु नपर्ने, त्यस्तै फलानो अनागामी, फलानो, सकृदागामी, स्रोतापन्न आदि अवस्थामा पुगेको कुरा बताउनु भयो ।

भिक्षु आनन्दले यस्तै प्रकारको प्रश्न पुनः पुनः गर्ने गरेको हुँदा एकदिन भगवान बुद्धले उहाँलाई बोलाई भन्नु भयो – "हे आनन्द ! कसैको मृत्युपछि उसको गतिबारे बरोबर प्रश्न गरेर मलाई किन दुःख दिन्छौ ? शङ्का भएमा जुनसुकै बखत पनि आएर शङ्का निवारण गर्ने अधिकार दिएको अर्थ यो होइन कि निरर्थक कुरो बारम्बार सोध्न छूट दिएको हो । कुनै मानिस मृत्युपछि कहाँ जान्छ भन्ने कुरा उसको चरित्रमा भर पर्दछ । असल स्वभावको र कसैलाई दुःख नदिएको व्यक्ति भए सुगतिमा जान्छ, होइन खराब स्वभावको र अर्काको आँखाको कसिङ्गर जस्तो छ भने दुर्गतिमा जान्छ । यो त स्वतः प्रष्ट भएको कुरा हो ।"

बुद्धले फेरि भन्नुभयो– "मैले पहिले पनि भन्ने गरेको थिएँ कि मानिसले आफ्नो जीवनकालमा राम्रो काम गरी, ज्ञानी बनी, कसैलाई दुःख नदिई, नराम्रो कामबाट अलग रही जीवनयापन गर्नुपर्छ र त्यस्ता व्यक्ति मरणोपरान्त दूर्गतिमा गइन्छ कि भन्ने चिन्ता लिनै पर्दैन । खराब स्वभाव लिएर जीवनयापन गर्ने व्यक्ति मृत्युपछि सुगतिमा गयो वा दूर्गतिमा गयो भनी चर्चा गर्नु नै व्यर्थ छ, निरर्थक छ । हे आनन्द ! यस कुरालाई राम्ररी नै बुझ्ने इच्छा छ भने



Downloaded from http://www.dhamma.digital

धम्म आदास (धर्म दर्पण) सूत्र उपदेश एकपटक सम्भ, त्यस पछि आफै थाहा पाउनेछौ मानिस कहाँबाट आउँछ, कहाँ जान्छ आदि कुरा । कसैको चरित्र ऐनामा भैं छर्लङ्ग देखेपछि ऊ कहाँ जान्छ वा पुग्छ भन्ने कुरा भनिरहनै पर्दैन । असल व्यक्ति राम्रै ठाउँमा र खराब व्यक्ति नराम्रै ठाउँमा पुग्छ भन्ने कुरा उक्त उपदेशमा व्याख्या गरिएको छ । अब फेरि त्यस्तो कुरा मकहाँ सोध्न नआउनु ।"

## प्राणीहरूको छ वटा गति

*(विभिन्न मानिसको विभिन्न स्वभाव हामीले देख्छौं । ती स्वभाव हुनुमा उसको पूर्वजन्मको पनि कारण हुने गरेको कुरा धर्मशास्त्रहरूमा उल्लेख भएका छन् । ती मध्ये विभिन्न गतिबाट आउने मानिसको विभिन्न स्वभावबारे सञ्चित वर्णन तल दिइएको छ । - अनु. )*

नर्क, प्रेत, पशुपंक्षी, मनुष्य, देव र ब्रह्मा गति भनी ६ वटा गति बारे हामीले सुन्दै आएका छौं । ती गतिहरूबाट आएका व्यक्तिहरूसँग गति अनुसारकै केही स्वभाव पनि देखिन्छ । अब त्यस्ता स्वभावलाई आ-आफैले जानिकन नराम्रो भए हटाउने तर्फ होश राखी अभ्यास गर्नु पर्दछ ।

## नर्कबाट आउनेको स्वभाव

नर्कबाट मनुष्य लोकमा जन्म लिन आउने व्यक्तिसँग अरूलाई दुःखदिने, अरूको दुःख देखेर हर्षित हुने, आनन्दित



Downloaded from http://www.dhamma.digital

हुने स्वभाव हुन्छ । अर्को शब्दमा भन्ने हो भने अरूलाई दुःख पीर पर्ने काममा रमाउने स्वभाव हुन्छ। यो स्वभावलाई कदापि राम्रो स्वभाव भन्न सकिन्न र यदि यस्तो स्वभाव आफूसँग भएमा त्यसलाई हटाउने कोशिश गर्नुपर्छ, अनि आफू दुर्गतिमा गइन्छ कि भनेर डराउनु पर्नेछैन । होइन त्यस्तो स्वभावलाई हटाउन सकिएन भने पुनः नर्क मै जाने निश्चित छ ।

हामीले धर्म कथा सुन्नुको अर्थ हो आफूसँग भएका खराब बानीबेहोरालाई आफैले थाहा पाएर हटाउनु । खराब चरित्र हटाउने कोशिश नगरिकन धर्मकथा मात्र सुन्दैमा आफ्नो चरित्र सुधिने होइन, दुःख मेटिने होइन । धर्मकथा सुने अनुसार आफ्नो स्वभावलाई जानिकन अरूलाई मननपर्ने आफ्ना स्वभाव हटाउने र अरूलाई मननपर्ने स्वभाव बनाउनु पर्दछ ।

नर्कबात आउने व्यक्तिको स्वभाव बारे स्पष्ट गर्न एक कथा प्रस्तुत गर्दछु ।

## महापिङ्गल राजा

नर्कबाट मुक्त भई आफ्ना केही कुशल पुण्यको प्रभाव बाट पुनः युवराज भई जन्मने महापिङ्गल आफ्नो पिताको मृत्युपछि राजगद्दिमा बसे । तर उसँग नारकीय स्वभाव बाकि नै रहेछ । उनको हातमा हमेशा एउटा फलामे छडि



Downloaded from http://www.dhamma.digital

हुने गर्थ्यो र भित्र, बाहिर, तल माथि जहाँ गए पनि भेट्ने व्यक्तिको टाउकोमा बजार्थ्यो । छडिको प्रहारबाट मर्माहत भई निस्कने ऐय्या र आत्थाको स्वर सुनेर उनी रमाउँथे । कसैलाई उपकार गरी वा बकस दिई आनन्दित हुने बानी उनमा थिएन । राजाको त्यस्तो नराम्रो बानीलाई रोक्ने वा गर्न हुँदैन भनी भन्ने साहस कसैमा थिएन र त्यस्तो कामबाट रोक्ने सत्पुरूषसँग उनको कहिल्यै भेट भएन ।

तर यसको ठीक उल्टो उनका छोरा युवराज भने देवलोकबाट मनुष्यलोकमा जन्म लिन आएको हुँदा उनमा दया र करूणाभाव प्रशस्त थियो । कसैको दुःख उनीबाट देखिदैनथ्यो, अरूको सेवा, मद्दत गर्न उत्सुक बोधिसत्व नै थिए । यस्तो उनको चाला देख्दा प्रजाले उनलाई बढी मन पराउन थाले । मन नपराउने पनि किन, कुनै गुण देखेर नै मानिसले कसैलाई मन पराउने गर्दछ र त्यस व्यक्तिबाट आफूलाई मद्दत लिन चाहन्छ । त्यसकारण बाबुचाहिं राजालाई भन्दा प्रजागणले उक्त युवराजलाई मन पराए ।

संसारिक प्रकृति अनुसार असल व्यक्ति पनि मर्नुपर्छ र खराब व्यक्ति पनि मर्नुपर्छ । फरक केवल असल व्यक्ति अलि चाँडो मर्दछ, खराब र पापी व्यक्तिलाई लिन यमदूत अलि ढिलो आउँछ । तर मृत्युपछि पनि लोकको प्रशंसा पाउनु अति नै राम्रो कुरा हो ।



Downloaded from http://www.dhamma.digital

मरण धर्मबाट कोही पनि नबच्ने नियम अनुसार महापिङ्गल राजाको पनि देहावसान भयो । छोरो चाहिं युवराज राजा बने । असल व्यक्ति राजा भएकोमा सारा जनता हर्षले विभोर भई उत्सव मनाउन थाले । राजा असल भएकोले देशको उन्नति हुने भयो, जनताको दुःख हरण हुने भयो भनी खुसियाली मनाए । सात दिनसम्म भव्य रूपमा राज्याभिषेक मनाए । सातौं दिनमा राजा हात्तिमा सवार भई देश परिक्रमा गर्न निस्किए । समस्त जनताको मुहार हँसिलो देखिन्थ्यो । सबैले सहर्ष जयजय कार गरे । राजा पनि हर्षित भए ।

बाबुचाहिं राजाको देहावसानको पनि सातौं दिन थियो । सबै जना खुसि देखिन्छन् । दुःखित हुने कोही छन् कि भनी राजालाई जान्ने इच्छा भयो । तर कोही पनि देखेनन् । अनि विचार गरे – मेरो बुबाले जनतालाई हित हुने केही पनि काम गरेर जानु भएको रहेनछ, धेरै दुःखमात्र दिएको रहेछ, त्यसैले उहाँको मृत्युले कसैलाई पनि शोककूल पारेन भन्ने मनमा गुन्दै दरवार आइपुगे । तर अचम्म ! दरवारको ढोकैमा एकजना द्वारपाल रोइरहेको देखे । अनि राजाको मनमा आफ्नो बाबुको निधनमा शोक मनाउने पनि रहेछन् भनी खुसि भए । तर यथार्थ कुरा बुझ्न द्वारपाल छेउ गई "हे द्वारपाल, तिमी किन रोइरहेको ? मेरो बुबा सम्झेर रोएको हो ?" भनी सोधे ।



Downloaded from http://www.dhamma.digital

उसले जवाफ दियो– "हो महाराज !"

राजाले फेरि सोधे– "मेरो बुबाले तिमीलाई के गुण उपकार गरेको थियो ? अब त्यसरी मद्दत गर्ने कोही भएनन् भनी शोक गरेका हौ ?"

उसले भन्यो–"होइन महाराज ! हजूरको बुबाले मलाई दस्तुर अनुसारको तलब बाहेक अरू केही पनि दिनु भएको थिएन, कुनै बक्सिस पनि दिनु भएको थिएन ।"

राजाले सोधे– "त्यस्तो केही गुण गरेको छैन भने तिमी किन रोएको त ?"

उत्तरमा उसले भन्यो– "महाराज ! हजूरको बुबासँग सधैं फलामको छडि हुने गर्थ्यो र भित्र बाहिर आउने जाने गर्दा देखेजति मानिसलाई टाउकोमा हिर्काएर जानुहुन्थ्यो । त्यसकारण उहाँ आउनु हुँदा सकेजति मानिस लुक्थे । म मात्रै लुक्न नमिल्ने हुँदा यहिं हुन्थें र मेरो टाउकोमा त्यो फलामे डण्डिको मार पर्दथ्यो । ऐय्या, ऐय्या भनी नकराएसम्म हिर्काउने उहाँको शौख थियो । डण्डिको हिर्काइले गर्दा मेरो टाउकोभरि घाउ हुन्थ्यो र बेलुका सिरानीमा टाउको राखी सुत्नै सक्दैनथें । अहिले उहाँ नहुँदा मेरो टाउकोको घाउ केही निको भएको छ र आरामसँग सुत्न पाइयो । मलाई र अरू जनतालाई पनि दुःख दिने हजूरको बुबा मृत्युपछि अवश्य पनि नर्कमा गयो होला ।



Downloaded from http://www.dhamma.digital

त्यहाँ नर्कमा पनि त्यहाँका पालेहरूलाई मलाई जस्तै गरी पिट्दो होला । त्यसो गऱ्यो भने तिनीहरूलाई पनि मन नपरी फेरि यहिं फिर्ता पठाउँछ होला र मेरो टाउको फेरि घाइते हुने होला भन्ने चिन्ताले गर्दा रोएको हुँ महाराज ! उहाँको गुण उपकार सम्झेर रोएको होइन ।"

यो कुरा सुनी राजाले सम्झाए – "हे पाले ! मानिस ज्युँदो हुँदा मात्र कसैलाई दुःख दिन सक्छ । खराब व्यक्तिले नर्कमा गएर यहाँ जस्तै त्यहाँ पनि दुःख दिन्छ भनी सोच्नु केटाकेटी पन हो । त्यस्तो हुँदैन । जतिसुकै खराब व्यक्तिलाई पनि नर्कमा सास्तिमात्रै गर्छन्, उसले केही गर्न सक्दैन । नर्क भन्ने ठाउँ नै खराब र पापीहरूलाई सास्ति गर्न बनाई राखेको हो । असल व्यक्ति नर्क जाँदैनन् । यहाँ देह त्याग गरी नर्क गई सकेको व्यक्ति पुनः त्यही देह धारण गरी यहाँ आउने सम्भव छैन । यो हुनै नसक्ने कुरा हो । त्यसैले मेरो बुबा फेरि यहाँ आई दुःख दिन्छ कि भन्ने कुरामा तिमीले कत्ति पनि पीर मानुपर्दैन । तिम्रो टाउकोमा अब त्यस्तो घाउ हुने छैन । बरू पुरानो घाउ बाकि छ भने यो पैसा लेउ र औषधी गर" भनी केही बक्सिस दिएर सन्तोष पारे ।

यस घटनामा जस्तै अहिले पनि अरूलाई दुःख दिई आफू रमाउने व्यक्तिहरू प्रशस्त छन् । त्यस्ता व्यक्ति दुर्गतीमा पतन हुन्छ सिवाय सुगतिमा कहिल्यै जाँदैन । तसर्थ दुर्गतीको मार्ग रोक्ने हो भने असल चरित्रवान



Downloaded from http://www.dhamma.digital

व्यक्तिहरूसँग सत्सङ्गत गरेर धार्मिक कार्य गर्नुपर्छ। आफ्ना खराब र चरित्रहीन स्वभावलाई छाडि असल बन्नु नै सुगतिको मार्ग हो। एकपटक धर्म गरें भन्दैमा पाप नष्ट हुँदैन।

फलानो देवता ठूलो, फलानो धर्म महान छ भनी धर्मको नाममा केवल झगडा र अभिमान मात्रै गरेर कोही पनि धर्मात्मा होइँदैन। सम्प्रदायिक भावना त्यागी, आफूसँग भएका नराम्रा बानी र खराब चरित्र हटाई बोधिचित्त उत्पन्न गरी बस्न सकेमात्र धर्मात्मा होइन्छ, धर्म अनुयायी ठहर्छ।

## प्रेत योनिबाट आउनेको स्वभाव

प्रेत योनिबाट आउने व्यक्तिमा संकूचितपना र इर्ष्यालु स्वभाव देखिन्छ। धर्मकथा श्रवणले यस्ता स्वभावलाई सुधार्न सकिन्छ। त्यस्तै यस्तो स्वभाव देखेमा आलोचना गर्ने असल साथीहरूबाट पनि मद्दत मिल्दछ। स्वयं आफूले पनि आफूसँग भएका संकूचितपना र इर्ष्यालु स्वभावलाई जानेर हटाउन सकिएन भने पुनः प्रेतयोनि मै जान सकिन्छ। त्यसकारण यस्ता स्वभावलाई निर्मूल पार्न केवल पूजा आजा मात्र गरेर हुँदैन। धर्म कर्म र धर्म श्रवणले यस्ता स्वभावमा सुधार गर्नुपर्छ भन्ने मात्र सिकाउँछ, गर्न त आफैले पर्छ। यहाँनिर एउटा कथा उल्लेख गर्नु प्रासङ्गिक देखिन्छ।



Downloaded from http://www.dhamma.digital

गौतम बुद्धको समयमा अनाथपिण्डिक भन्ने एकजना साहू महाजन थिए । बुद्धलाई आवश्यक पर्ने सारा वस्तु पुऱ्याउने हुनाले उनीलाई बुद्धका मुख्य दाता पनि भनिन्थ्यो । असर्फि ओछ्याएर जग्गा किनी त्यसमा भव्य विहार 'जेतवन विहार' बनाई दान दिने पनि उनै थिए । बुद्ध र भिक्षुहरूको मात्र उनी सेवाक थिएनन् अपितु श्रावस्ती निवासी अनाथजन सबैलाई दैनिक रूपमा खाना खुवाउँथे । अनाथहरूलाई खुवाउने हुनाले उनको नाम अनाथपिण्डिक रहन गएको थियो ।

नगरभरिका अनाथहरूलाई खाना खुवाउनु पर्ने भएकोले उनले चार पाँचजना समर्थवान भान्छेहरू पालिराखेका थिए । तिनीहरूमध्ये एकजना प्रेतलोकबाट आएका रहेछन् । उसले कामगर्दा कहिल्यै पनि जस लिन सक्दैनथ्यो र मन कहिल्यै आनन्दित हुँदैनथ्यो । अरूहरूचाहिं मनुष्ययोनिबाटै आएका हुनाले जुनसुकै काम पनि मन लगाई गर्दथे । उनीहरूको सोचाई थियो– हामीसँग धन छैन । साहूसँग प्रशस्त धन भए जस्तै हामीलाई काममा पनि लगाए र अनाथहरूलाई खाना पनि खुवाएर राम्रो काम गर्दैछन् । हामी आफूसंग धन नै नभए पनि खाना पकाउने काममा मन लगाएर लागि रह्यौं र ती अनाथहरूले तृप्त हुने गरी खान पाइरहेछन् भनी प्रशन्न भइरहन्थे । यस्तो प्रशन्न अवस्थालाई मुदिता चित्त भन्दछन् । तर त्यो एकजना, जो



Downloaded from http://www.dhamma.digital

प्रेतलोकबाट आएको थियो, ऊ भने कत्ति पनि प्रशन्न थिएन। उसको सोचाई थियो– यति ठूलो भाँडोमा सकिनसकि भात पकाएपछि मात्र मैले एक छाक खान पाउँछु। तर यी मगन्तेहरूचाहिं खूरूखुरू आउँछन्, भात माग्छन् र खान्छन्, केही काम गर्नु पर्दैन। यस्तो सोचेर ऊ आफ्नो मन भारी पार्दथ्यो र संकूचित भई ईर्ष्यालु भई रहन्थ्यो। भात पकाउने आफ्नो पालोमा साहूसाहूनी अगाडि नहुँदा माग्नेहरूलाई हप्काएर पठाउँथ्यो, ताकि तिनीहरू फेरि नआओस् र भात पकाउन नपरोस् भन्ने उसको बिचार थियो।

अनाथपिण्डिक साहू भने अशक्त,गरीब, अनाथहरू भोकै नपरून् भन्ने बिचारले भान्छेहरू राखेर भोजनदान दिन्थे। तर त्यो प्रेतलोकबाट आउने व्यक्ति भने तिनीहरूलाई भोजन नदिइकन हप्काएर पठाउने हुनाले धेरै अनाथ माग्नेहरू भोकै पर्दथे। भान्छे भइकन असल साहूको सङ्गत गरे पनि र बुद्धको दर्शन गर्न पाए पनि त्यो व्यक्तिले आफ्नो खराब बानी सुधार्न सकेन। असल बानी आफूमा ल्याउन नसक्दा ऊ मृत्युपछि पुनः प्रेतलोक मै सुचिमुख (एकदम सानो मुख भएको) प्रेत हुन पुग्यो। यस्तो प्रेतको मुख एकदमै सानो हुने तर पेट भने घ्याम्पो जत्रै ठूलो हुने गर्छ। सानो मुख भएको कारण धेरै खान नसक्ने र ठूलो पेट भएको कारण कहिल्यै तृप्त नहुने हुँदा ती प्रेतहरू जहिले पनि क्षुधाग्निले पिडीत भइरहन्थे। तसर्थ धर्मकथा श्रवण



Downloaded from http://www.dhamma.digital

गर्दैमा, धर्मकार्य गर्दैमा, असल मित्रको सङ्गत हुँदैमा हाम्रो गति सप्रिने होइन । असल कुरा सुने झैं आफ्नो नराम्रो र खराब स्वभावलाई हटाइ राम्रो र असल स्वभाव अपनाएपछि मात्र गति सप्रिन्छ । मृत्यु उपरान्त सुगति मिल्दछ । यी कुराहरूलाई राम्ररी मनन गर्नु पर्दछ ।

## पशु योनिबाट आउनेको स्वभाव

तिर्यक योनि अथवा पशु योनिबाट आउनेहरूमा आहार, निद्रा र मैथुन ती तीन किसिमको स्वभाव देखिन्छ । तिनीहरू मीठो मीठो खान, नृत्य हेर्नमा मज्जा मान्दछन्, प्रेम गीतहरू सुन्न रूचाउँछन् । आफ्नो अधिनमा नरहेको र अनित्य स्वभावको शरीरलाई पनि त्यसको स्वभाव नदेखि शरीर श्रृङ्गारतर्फ मोहित भएर विलासी जीवन रूचाउने हुन्छन् । धर्मकार्य गर्न वा धर्मात्मा बन्ने तर्फ बिल्कुलै लाग्दैनन् । यस्तै चरित्रलाई अङ्गिकार गर्दै रहेमा फेरि पशु योनि मै जान्छन् । तसर्थ पशुगतिबाट बच्ने इच्छा गर्नेहरूले पहिले आफ्नो खराब स्वभावलाई आफैले असल स्वभावमा परिणत गर्नुपर्दछ । आफैले नगरी, कदापि हुन्न, स्वयं बुद्धले पनि बचाउन सक्नुहुन्न । उहाँले सुगतिको मार्ग मात्रै देखाउन सक्नुहुन्छ, हिंड्न त आफै पर्दछ । एउटा कथाको उदाहरण दिएर सम्झाउने प्रयास गर्दछु । तर कथा अलि लामै भएकोले चाहिने जतिमात्रै प्रस्तुत गर्दछु ।



Downloaded from http://www.dhamma.digital

धेरै अगाडिको कुरा हो, मचल भन्ने ठूलो गाउँमा मघ भन्ने एक धर्मात्मा थिए। युवावस्था भएपछि उसको आमा बाबुले राम्री युवतीसित उसको विवाह गरिदिए। पछि अरू तीनवटा श्रीमती पनि ल्याए। क्रमशः ऊ बुढो हुँदै गयो। आफ्नो शरीरको परिवर्तन स्वभाव आफैले चाल पाएर त्यो परिवर्तन स्वभाव आफ्नो वशभन्दा बाहिरको कुरा हो भन्न पनि जाने। तत्पश्चात ऊ एकजना ऋषिकहाँ गई धर्म श्रवण गर्न हिंडे।

त्यतिबेला त्यो ऋषिले मनुष्य देह त्यागिसकेपछि इन्द्र बन्न जाने नियम र उपदेश बताउनु हुन्थ्यो। त्यही उपदेश सुनेर उक्त मघले पञ्चशील पालन गरी आफ्नो गाउँको पाटी पौवा जिर्णोद्वार गरे; पर्ती जमीनमा बगैंचा, पोखरी बनाए; बृक्षारोपण आदि गरेर धर्मकार्य गर्दै रहे। उसका चारवटी श्रीमतीहरू मध्ये सुधम्मा, सुचिता र सुनन्दा भन्ने श्रीमतीहरूले लोग्नेको धर्मकार्यमा सक्दो सहयोग गरी आफूहरू पनि धर्मात्मा बने। तर कान्छी सुजाता चाहिं अर्कै स्वभावकी थिई। तिनी पशुजातिबाट मनुष्य हुन आएको हुँदा जहिले पनि तरूणी स्वभाव देखाएर शरीरको अनित्य स्वभावलाई वास्ता नगर्ने मात्र होइन सधैं नृत्य हेर्ने, मोजमज्जामा रमाउने, गीत सङ्गीत मै मात्र भुल्ने र लोग्नेलाई आफू कहाँ मात्रै राख्न मनपराउंथी। मृत्युपश्चात् तिनी पछाडि इलाकामा



Downloaded from http://www.dhamma.digital

बकुल्लो भएर जन्मन पुगेको कुरा यस कथामा हामी पाउँछौं ।

धर्मकार्यबाट आ-आफ्ना नराम्रा र खराब स्वभाव हटाउनु पर्दछ । निष्कलङ्क र र निर्विवाद रूपमा जीवन जिउनु नै धार्मिक जीवन कहलाइन्छ । धर्म श्रवणबाट संकूचित भावना हटाई असल मानिस बन्न सघाउँछ। देउटा ढोग्दैमा, पूजाआजा गर्दैमा, देव नाम स्मरण गर्दैमा गति सप्रिंदैन दुःख मेटिंदैन । काम र कुरा असल भएमा मात्र जीवन सफल हुन्छ र गति पनि सप्रिन्छ भन्ने यथार्थ बुझ्नु जरूरी छ ।

## मनुष्य योनिबाट आउनेको स्वभाव

मनुष्य योनिबाट पुनः मनुष्य भई जन्मने व्यक्तिसँग दयामाया र धार्मिक स्वभावको लक्षण देखिन्छ। स्वार्थीभाव तुलनात्मक रूपमा कम मात्र देखिन्छ । समय समयमा नृत्य आदिमा रमाए तापनि, श्रृङ्गार गर्नमा व्यस्त भए तापनि, मोजमज्जामा डुबे तापनि पर उपकार धर्ममापनि त्यत्तिकै लागेका हुन्छन् । धार्मिक जीवन जिउनु नै दुःख मुक्तिको लागि हो । मनुष्य गतिबाट पुनः मनुष्य नै हुनको लागि हो बुद्धको शिक्षा अनुसार मानिसलाई मानिस बनाउनु नै धर्मको नियम हो, नामले मात्र बौद्ध हुनको लागि होइन ।

मानिस स्वभावैले अति व्यस्त प्राणी हुन्; कमाउनमा,



Downloaded from http://www.dhamma.digital

मोजमज्जा गर्नमा, पञ्चकाम सुखमा तल्लीन हुनमा उसको मन अति नै द्रुतगतिमा लाग्छ । त्यसकारण उसमा धर्म चित्त उत्पन्न गराउन अष्टमी, पूर्णिमा, औंसी, सक्रान्ति आदि जस्ता अनेक तिथी पर्व बनाएर धर्म गर्ने दिनको रूपमा छुट्याई राखेको हो । धर्मकर्ममा मन जाने र स्वभाव असल हुने व्यक्ति मोजमज्जामा लागे तापनि त्यसमा आसक्त हुँदैनन्, धार्मिक जीवन जिउँछन्, स्वभावैले धर्मात्मा देखिन्छन् । स्पष्टिकरणको लागि हामी बर्मामा रहँदा घटेको एक घटना प्रस्तुत छ ।

बर्मामा अध्ययन गर्न जाँदा सयौं अनगारिकाहरू (भिक्षुणीहरू) भएको विहारमा हामी बसेका थियौं । तिनीहरू मध्ये एकजना हाम्रो साथी थिई । तिनी पढाईमा अलि कमजोर थिई । तर मनचाहिं असाध्यै असल थियो । पढ्नलाई चाहिने खर्च जुटाउन नसक्नेहरूलाई तिनीले दाता खोजि दिने आदि सहयोग गर्थी । एकदिन तिनीले आफ्नो पूर्वजन्मको बारे हामीलाई सुनाइन्– "पूर्वजन्ममा म एक धनाढ्य साहूको एक्लो छोरो थिएँ, तर म भिक्षु बन्न गएँ । त्यतिबेला म साहूको छोरो हुँ भन्ने घमण्डले पढ्नमा, धर्म सिक्नमा पटक्कै ध्यान दिन्नथें । विपस्सना ध्यान भावना पनि नगरी बस्थें । त्यसैको फलस्वरूप यो जन्ममा मैले जतिसुकै मिहेनत गरेपनि तिमीहरूले जस्तो पढ्न र सिक्न नसक्ने भइरहेकी छु ।" त्यसकारण पढ्ने, सिक्ने भनेको



Downloaded from http://www.dhamma.digital

बुढेसकालमै भए पनि गर्नुपर्छ । यस जन्ममा सिक्न सकेमा अरू जन्ममा पनि त्यसको संस्कार बन्नेछ, शीघ्र सिक्न र जान्न सफल होइने छ । यस घटनाले प्रष्ट पार्छ मनुष्य योनिबाट पुनः मनुष्य भएको व्यक्तिसँग दयामायाको भाव रहन्छ र अरूको अहित देख्न नसक्ने हुन्छ ।

## देव योनिबाट आउनेको स्वभाव

देवलोकबाट आउने व्यक्ति मनुष्यलोकको पञ्चकाम गुण सुख र मोजमज्जासँग त्यति रमाउँदैनन् । किनकि ती सुख देवलोकको भन्दा अत्यन्तै कम स्तरको हुन्छ । त्यसकारण ती सुखमा उसको मन आसक्त हुँदैन । धर्म कार्यमा रमाउने र धर्मात्मा भइ बस्ने उसको स्वभाव हुन्छ । यस्तो गुणले गर्दा ऊ मृत्युपश्चात पुनः देवलोक वा मनुष्यलोक मै जान्छ ।

सत्सङ्गतले गर्दा पनि मानिस असल वा खराब हुन जान्छ । नराम्रो सङ्गतले असल स्वभाव भएकोलाई पनि खराब पार्न सक्छ र राम्रो सङ्गतले खराब गतिबाट आउनेलाई पनि असल बनाउन सक्छ । आनन्दमय जीवन बिताउने इच्छा छ भने खराब व्यक्तिको सङ्गत नगर्नु, बुद्धिमान असल व्यक्तिको सङ्गत गर्नु भन्ने बुद्धको उपदेश यहाँनेर स्मरणी हुन आउँछ । एउटा उदाहरण– मालाभारि भन्ने एक देवपुत्र थियो । उनको चार्काड गर्ने र सेवा टहल गर्ने



Downloaded from http://www.dhamma.digital

थुप्रै अप्सराहरू थिए। एकदिन आफ्ना मुख्य रानी सहित ती अप्सराहरूसंग उद्यानमा रसरङ्गका लागि गए। तर त्यहाँ आफूलाई वास्तै नगरी अरू अप्सराहरूसँग मात्र उनी व्यस्त भएको देखी मुख्य रानी चाहिं अत्यन्तै क्रोधित भइन्। देव काम अति नै सूक्ष्म हुने हुँदा क्रोध गर्ना साथ मृत्यु हुन्थ्यो। त्यो रानीको पनि मृत्यु भए र मनुष्यलोकमा जन्म लिए। देवलोकबाट आएको हुनाले तिनी मनुष्यलोकको पञ्चकाम सुखमा त्यत्तिको डुबेन। विवाहपछि तीन सन्तान भए तापनि पुण्यकर्म गरेको कारण मृत्युपश्चात पुनः देवलोक मै उत्पन्न भए।

## ब्रह्मलोकबाट आउनेको स्वभाव

ब्रह्मलोकबाट आउने व्यक्तिसँग झन विशेष स्वभाव देखिन्छ। उक्त व्यक्ति सदा हँसिलो हुन्छ। सबैसँग मैत्रीपूर्ण व्यवहार गर्ने उसको बानी हुन्छ। ऊसँग तृष्णायुक्त अन्धप्रेम हुँदैन। वास्तवमा जुनसुकै कुरा पनि सिकाएपछि मा सिकिने मानव स्वभाव हुन्छ। तर कामतृष्णामा भुल्न कसैले सिकाउनु पर्दैन आफै सिकिन्छ। ब्रह्मलोकबाट आउने व्यक्ति यसकुरामा अपवाद रहन्छ, याने कि कामतृष्णामा भुल्ने कुरा जति कसैले सिकाइ दिए मात्र उसले सिक्छ, नत्र त्यो काम उसले जान्दैन अर्थात त्यसमा रमाउने उसको स्वभाव हुँदैन। एउटा घटना – भद्र र



Downloaded from http://www.dhamma.digital

पिपिलायनीको विवाह हुन्छ । तर दुबैजना ब्रह्मलोकबाट आएको हुनाले उनीहरूमा सम्भोगको इच्छा मात्र होइन काम वासना पनि रत्तिभर थिएन । त्यसको कारण हो – ब्रह्मलोकमा स्त्री पुरूष भन्ने विभेद हुँदैन, तसर्थ कामतृष्णा पनि हुँदैन । केवल कल्याणमित्र साथीहरूको जस्तो मात्र प्रेम हुन्छ । त्यस्तो ठाउँबाट मनुष्यलोकमा आउँदा त्यही पुरानै संस्कार बाकि रहने हुनाले स्त्री पुरूषले एक आपसलाई मित्रको रूपमा मात्र हेर्ने गर्दछ । त्यसकारण भद्र र पिपिलायनी विवाह पश्चात पनि एक आपसलाई मित्रको रूपमा मात्र व्यवहार गरी आमाबाबुको देहावसानपछि गृहत्याग गरी भिक्षु–भिक्षुणी हुन गए । यस्ता घटना त्रिपिटकमा धेरै पाइन्छन् ।

माथिका सबै घटनाहरूबाट हामीले के थाहा पाउँछौं भने– हाम्रो चित्त अथवा मन विचित्रको छ । त्यो एउटा चित्तलाई नियन्त्रणमा राख्न सकेमा यो संसारमा गर्न नसकिने कुनै कार्य हुँदैन । यस कुरालाई स्पष्ट गर्न अभिधर्म अनुसार चित्तको संक्षिप्त व्याख्या प्रस्तुत गर्दछु ।

अभिधर्म अनुसार यस संसारमा संक्षिप्त हिसाबले ८९ र विस्तृत हिसाबले १२१ प्रकारका चित्त हुन्छन् । यहि ८९ अथवा १२१ प्रकारको चित्तको कारणले बनेको कर्म अनुसार प्राणीको ३१ वटा विभिन्न भुवनमा जन्म लिने हुन्छन् । यी ३१ वटा भुवन मध्ये कुनै सुखपूर्ण छन् भने कुनै



Downloaded from http://www.dhamma.digital

दुःख पूर्ण पनि छन् । मति राम्रो भएमा गति पनि राम्रो हुन्छ भन्ने भनाई त्यसैले प्रख्यात भएको हो ।

दुःखपूर्ण भुवन चारवटा छन्– नर्क, प्रेत, तिर्यक र असुर । त्यहाँ सुख भनेको प्रायः शून्य हुन्छ र दुःख मात्रै व्याप्त हुन्छ । काय(शरीर), वाक (वचन) र चित्त (मन) अशुद्धि हुनु नै ती गतिमा जन्मनुको प्रमुख कारण हुन् । ती गतिभन्दा माथि मनुष्य गति आउँछ, जहाँ सुखको अलिकति आभास पाउन सकिन्छ ।

मनुष्य गतिभन्दा माथि ६ वटा देवलोक छन् – चतुर्महाराजिक, त्रायत्रिंश, यामा, तुसिता, निम्माणरति र परनिम्मित वशवर्ति । यी लोकहरूमा सुख धेरै हुन्छन् तर दुःख पनि केही मात्रामा बाकि हुन्छ ।

यसरी ११ वटा लोक (भुवन) हरूमा स्त्री पुरूष भन्ने विभेद हुन्छ, कामतृष्णाले युक्त हुन्छ ।

त्यसभन्दा माथि २० वटा ब्रह्मलोक छन् । यी २० वटा मध्ये कुनै कुनैमा नाम (मन=जान्न सक्ने स्वभाव) र रूप (चतुर्महाभूतबाट निर्मित) दुबै बाकि रहेको हुन्छ । तर स्त्री र पुरूष भन्ने विभेद हुँदैन, तसर्थ त्यस्तो व्यवहार पनि हुँदैन । यिनै २० वटा ब्रह्मलोक मध्ये सबैभन्दा माथि चारवटा अरूप(रूपै नहुने) ब्रह्मलोक छन् । त्यहाँ केवल मनुष्य वा देवलोकमा प्राप्त गरेको पञ्चम ध्यानको बल



Downloaded from http://www.dhamma.digital

रहुन्जेल मनले आनन्दको अनुभव गरिरहन्छ । नाम र रूपलाई पञ्चस्कन्धमा विभक्त गर्दा रूप, वेदना, संज्ञा संस्कार र विज्ञान हुन आउँछ। यी पाँचवटै स्कन्ध (समूह) ३१ वटै भुवनमा बराबरको हिसाबले हुँदैनन् । कहिं एकमात्र स्कन्ध हुने भुवन पनि छ, जसलाई एकओकार भुवन भनिन्छ र यसको नाउँ असञ्ञासत्त ब्रह्म भुवन हो, जहाँ रूपस्कन्ध एउटा मात्र हुन्छ। त्यस्तै अरूप ब्रह्मलोक चारवटालाई चतुओकार भुवन भनिन्छ । त्यहाँ वेदना, संज्ञा, संस्कार र विज्ञान गरी चारवटा नाम स्कन्ध मात्र हुन्छन्, रूप स्कन्ध हुँदैन । त्यसपछि २० वटा ब्रह्मलोक मध्ये रूपमात्र हुने असञ्ञासत्त ब्रह्मलोक एक र नाम स्कन्धमात्र भएको चारवटा अरूप ब्रह्मलोक छोडि १५ वटा रूपावचर ब्रह्मलोक सहित २६ वटा भुवनमा नाम र रूपमा पाँचवटा स्कन्ध हुन आउने ती भुवनहरूलाई पञ्चओकार भुवन भनिन्छ ।

प्राणीहरूले पञ्चस्कन्धको शरीर धारण गरेका हुन्छन् भने तापनि सबै भुवनमा पाँचवटै स्कन्ध हुँदैनन्, भुवन अनुसार एक स्कन्ध, चार स्कन्ध र पांच स्कन्ध धारण गरेका सत्वहरू हुन्छन् ।

त्यस्तै हामीमा ६ वटा द्वार (ढोका) हुन्छन् । चक्खुद्वार (आँखा), सोतद्वार (कान), घाणद्वार (नाक), जिव्हाद्वार (जिभ्रो), कायद्वार (शरीर) र मनोद्वार (मन) यी ६ वटा द्वार



Downloaded from http://www.dhamma.digital

बाट ६ वटै आरम्मण (निमित्त) भित्रिएपछि हामीमा त्यही अनुरूपका चित्त उत्पन्न हुन्छन् ।

आँखाबाट, रूप, कानबाट शब्द, नाकबाट गन्ध, जिभ्रोबाट स्वाद, शरीरबाट स्पर्श र मनबाट बिचार भित्रिए पछि मात्र हामीले देखेको, सुनेको, गन्ध आएको, स्वाद आएको, स्पर्श भएको र मनले देखेको भन्ने चित्त उत्पत्ति हुन्छन्, अन्यथा चित्त आफै उत्पन्न हुँदैनन् । संसारमा जतिपनि सजिव प्राणी र निर्जिव वस्तुहरू छन्, ती सबै अनुकूल कारणले गर्दा मात्र उत्पन्न भएका हुन्, बिना हेतु वा कारण केही पनि उत्पन्न हुँदैन ।

शुद्ध धर्म भन्नु नै आफ्ना इन्द्रिय दमन गर्न सक्नु हो इन्द्रिय दमन बिना दुःखबाट मुक्त हुन सकिन्न, निर्वाण प्राप्त गर्न सकिन्न । इन्द्रिय वशमा राख्न स्मृति, प्रज्ञा मजबूत पार्नु पर्दछ। स्मृति, प्रज्ञा मजबूत पार्नलाई सर्वप्रथम अध्ययन गर्नु पर्दछ साथै अध्ययन गरे अनुसार शिक्षित पनि हुन सक्नु पर्दछ। त्यसपछि चिन्तनमय प्रज्ञालाई वृद्धि गरी सम्यक दृष्टि बनाउने तर्फ प्रयत्न गर्नु पर्दछ। अनि अन्तमा भावनामय प्रज्ञाद्वारा सम्यकक्ज्ञानलाई व्यवहारमा उतार्नु पर्दछ। तबमात्र सच्चा सुख शान्तियुक्त निर्वाणसुख प्राप्त हुन्छ र अनेक प्रकारका खराब स्वभाव र अनेक गतिबाट मुक्त होइन्छ।



Downloaded from http://www.dhamma.digital

# नेपाल भाषामा प्रकाशित पुस्तकहरू

१। परम मन्याय् (उपन्यास) न्हापांगु
२। मैत्री भावना
३। प्रेम छु ज्वी ?
४। त्रिरत्न गुण स्मरण
५। त्रिरत्न-गुण स्मरण (द्वि.सं.)
६। कर्तव्य (प्र.सं.)
७। भिक्षा
८। परित्राण (प्र.सं.)
९। हृदय परिवर्तन
१०। न्हापायाम्ह गुरु सु ?
११। बुद्धया अन्तिम यात्रा, भाग-१
१२। बुद्धया अन्तिम यात्रा, भाग-२
१३। बौद्ध ध्यान
१४। कर्म
१५। बौद्ध प्रश्नोत्तर (प्र.सं.)
१६। प्रार्थना संग्रह (ने.सं.)
१७। बाखं, भाग-१
१८। बोधिसत्व
१९। अनत्त लक्खण सुत्त (द्वि.सं.)
२०। शाक्यमुनि बुद्ध
२१। मति भिंसा गति भिंनी
२२। बाखं, भाग-२
२३। धम्मचक्कप्पवत्तन सुत्त (प्र.सं.)
२४। बाखं, भाग-३
२५। लक्ष्मी थ्व
२६। महास्वप्न जातक (द्वि.सं.)
२७। अभिधर्म, भाग-२ (प्र.सं.)
२८। क्षान्ति व मैत्री (प्रथमावृत्ति)
२९। जातक बाखं
३०। बाखंया फल, भाग-२
३१। राहुलयात तथागतया उपदेश
३२। बाखं, भाग-२ (द्वि.सं.)
३३। प्रार्थना संग्रह (चौथो प्र.)
३४। प्रौढ बौद्ध कथा (प्र.सं.)
३५। बुद्धया अर्थनीति (द्वि.सं.)
३६। श्रमण नारद (प्र.सं.)
३७। मूर्खम्ह पासा मज्यू
३८। उत्थानया बाखं पुच: (प्र.सं.)
३९। पालि भाषा अवतरण, भाग-१ (प्र.सं.)
४०। ललितविस्तर (द्वि.सं.)
४१। न्हापायाम्ह गुरु सु ? (द्वि.सं.)
४२। पालि प्रवेश, भाग-१
४३। चमत्कार
४४। मणिचूड जातक (द्वि.सं.)
४५। महाजनक जातक
४६। गृही विनय ? (प्र.सं.)
४७। राहुलयात तथागतया उपदेश (द्वि.सं.)
४८। बाखं, भाग-४ (प्र.सं.)
४९। चरित्र पुच:
५०। अभिधर्म (चित्त काण्डया संक्षिप्त परिचय) (प्र.सं.)
५१। परित्राण (द्वि.सं.)
५२। सप्तरत्न धन (प्र.सं.)
५३। महा-सतिपट्ठान सूत्र
५४। शान्तिया स्वाद: (द्वि.सं.)
५५। चरित्र पुच:, भाग-२
५६। बुद्ध व शिक्षा (क) (प्र.सं.)
५७। बौद्ध ध्यान, भाग-२
५८। जातकमाला, प्रथम भाग (तृ.सं.)
५९। विश्व धर्म प्रचार देशना, भाग-२
६०। लुम्बिनी विपस्सना
६१। विश्व धर्म प्रचार देशना, भाग-१
६२। योगीया चिठी (प्र.सं.)
६३। संक्षिप्त बुद्ध जीवनी (चतुर्थ सं.)
६४। जातक बाखं (द्वि.सं.)
६५। बुद्ध-धर्म (द्वि.सं.)
६६। भिक्षा (द्वि.सं.)
६७। पालि प्रवेश, भाग-१,२
६८। सबंध, भाग-१
६९। जातकमाला, भाग-२ (तृ.सं.)
७०। जप पाठ व ध्यान
७१। किसा गौतमी (प्र.सं.)
७२। धम्मपद (श्लोकबद्ध भावानुवाद) (द्वि.सं.)
७३। धर्म मसीनि
७४। तेमिय जातक
७५। वम्मिक सुत्त
७६। मध्यम मार्ग
७७। त्रिरत्न गुण सुमके (द्वि.सं.)
७८। सबंध, भाग-२
७९। दान
८०। बाखं, भाग-५
८१। भिंम्ह मन्याय् व काय्
८२। भिक्षु जीवन
८३। महानारद जातक
८४। विवेक-बुद्धि
८५। समथ व विपस्सना संक्षिप्त भावना विधि
८६। भिंम्ह मचा
८७। बुद्धपूजा विधि (प्र.सं.)
८८। स्वास्थ्य लाभ
८९। शिक्षा, भाग-१ (प्र.सं.)
९०। दृष्टि व तृष्णा त्यहैं थनेगु उपदेश
९१। फग: लाइम्ह लाखे (किपा हना बाखं)
९२। विपस्सना ध्यान
९३। शिक्षा, भाग-२ (प्रथमावृत्ति)
९४। सतिपट्ठानभावना (प्र.सं.)
९५। त्रिरत्न वन्दना

Downloaded from http://www.dhamma.digital

# नेपाल भाषामा प्रकाशित पुस्तकहरू

९६) गौतम बुद्ध (द्वि.सं.)
९७) बार्ता, भाग-६
९८) नेपालय् २५ दँ जिगु लुमन्ति
९९) धम्मचक्कप्पवत्तन सुत्त (द्वि.सं.)
१००) शिक्षा, भाग-३ (प्र.सं.)
१०१) शिक्षा, भाग-४ (प्र.सं.)
१०२) बुद्ध व शिक्षा (ख)
१०३) धम्मपद व्याख्या, भाग-१ (प्र.सं.)
१०४) धम्मपदया बार्ता (प्र.सं.)
१०५) त्रिरत्न वन्दना व सूत्र पुच: (प्रथमावृत्ति)
१०६) विशेष बौद्ध
१०७) त्रिरत्न वन्दना व
पञ्चशीलया फलाफल (छैठौं सं.)
१०८) अभिधर्म, प्रथम भाग (द्वि.सं.)
१०९) संसारया स्वापू (प्र.सं.)
११०) परित्त सुत्त (प्र.सं.)
१११) धम्मपद (मूल पालि सहित नेपाल
भाषाय् अनुवाद) (पां सं.)
११२) बौद्ध नैतिक शिक्षा, भाग-१
११३) त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
११४) आदर्श बौद्ध महिलापिं (द्वि.सं.)
११५) वेस्सन्तर जातक (तृतीयावृत्ति)
११६) दीर्घायु जुइमा
११७) त्रिरत्न गुण लुमके ज्ञानया मिखा चायके
११८) न्हूगु त्रिरत्न वन्दना व धम्मपद
११९) निर्वाण (रचना सग्रह)
१२०) मनूतयगुपाः (प्र.सं.)
१२१) कर्तव्य (द्वि.सं.)
१२२) महास्वप्न जातक (द्वि.सं.)
१२३) संस्कृति (प्र.सं.)
१२४) श्रमण नारद (द्वि.सं.)
१२५ बुद्धया करुणा व सम्यदण्ड (प्र.सं.)
१२६) विशेष पर म्हगइबले पाठ यायेगु परित्राण (प्र.सं.)
१२७) विरकुगया बार्ता
१२८) त्रिरत्न वन्दना व परित्राण (प्र.सं.)
१२९ कर्म व कर्मफल
१३० शिक्षा, भाग-५
१३१ पट्ठान पालि (प्रथम भाग)
१३२) धर्मया ज्ञान, भाग-२
१३३) संक्षिप्त बुद्धवंश (प्रथम भाग) (प्र.सं.)
१३४) संक्षिप्त बुद्धवंश (दोश्रो भाग) (प्र.सं.)
१३५) अभिधर्म, भाग-२ (द्वि.सं.)
१३६) कर्म (द्वि.सं.)
१३७) न्हापायाम्ह गुरु सु ? (द्वि.सं.)
१३८) अनत्त लक्खण सुत्त (द्वि.सं.)
१३९) अभिधर्म पालि (प्र.सं.)
१४०) बुद्ध पूजा, धम्मपद व ज्ञानमाला (प्र.सं.)
१४१) त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
१४२) धम्मचक्कप्पवत्तन सुत्त (तृ.सं.)
१४३) बुद्ध वन्दना विधि व बुद्धया भिंनिगू विपाक
१४४) मनूतयगुपाः (द्वि.सं.)
१४५) प्रौढ बौद्ध कथा (द्वि.सं.)
१४६) न्हापायाम्ह गुरु सु ? व अमूल्य धन
१४७) बौद्ध स्तुती पुच:
१४८) तिरतन वन्दना परित्त सुत्त (तेहौं सं.)
१४९) सूत्र पुच: (प्र.सं.)
१५०) त्रिरत्न वन्दना व परित्राण (च.सं.)
१५१) शाक्यमुनि बुद्ध (द्वि.सं.)
१५२) तृष्णा (द्वि.सं.)
१५३) त्रिरत्न वन्दना व परित्राण (तृ.सं.)
१५४) त्रिरत्न वन्दना व परित्राण (तृ.सं.)
१५५) सीवली (प्र.सं.)
१५६) अनागत वंश
१५७) सच्च विभङ्ग सुत्त
१५८) त्रिरत्न गुण लुमंके
१५९) मनू तयेगु पह: व प्रेम छु ज्वी ?
१६०) अभिधर्म पालि (चो.सं.)
१६१) त्रिरत्न-गुण स्मरण (द्वि.सं.)
१६२) धर्मकीर्ति ज्ञानमाला भजन
म्ये मुना (न्हापागु संस्करण)
१६३) धर्मकीर्ति ज्ञानमाला भजन
म्ये मुना (निक्वःगु संस्करण)
१६४) महा-सतिपट्ठान सूत्र (द्वि.सं.)
१६५) त्रिरत्न वन्दना व परित्राण (पाँ.सं.)
१६६) गुरु दक्षिणा (प्र.सं.)
१६७) अभिधर्म (न्हूगु संस्करण)
१६८) श्रेष्ठ पवित्र स्रोतापन्न (द्वि.सं.)
१६९) धर्मकीर्तिया लुखा
१७०) नुगः दुने धम्मवती
१७१) तिरतन वन्दना परित्त सुत्त
(त्रिरत्न-वन्दना, परित्त सुत्त व
पंचंगु अर्थ सहित पट्ठान पालि गाथा)
१७२) नेपालय् दौ गुणवती गुरुमा
१७३) बुद्ध पूजा, परित्राण पाठ व बुद्ध शिक्षा

## अंग्रेजी भाषामा प्रकाशित पुस्तकहरू

## Dharmakirti Publication English

1) Buddhist Economics and The Modern World
2) Dharmakirti Vihar Today
3) Dharmakirti Vihar
4) "Dhammakirti in a Nutshell"
5) Dhamma and Dhammawali
6) Paritta Suttas
7) The Life of Tathagata
8) Daw Gunawati Guruma in Nepal

Downloaded from http://www.dhamma.digital